**माण्डवी गाउँपालिका स्वास्थ्य नीति २०८०**

## १. पृष्ठभूमि

नेपालको संबिधानले नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जनस्वास्थ्य ऐन २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ लगायतका कानुनी व्यवस्थाले संविधानले सुनिश्चित गरेको मौलिक अधिकारलाई कार्यान्वयन गर्न राज्य तथा नागरिकको दायित्व र कर्तव्यलाई प्रष्ट पारेका छन्। यस परिप्रेक्ष्यमा संविधानले स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित गरेको र जनस्वास्थ्य ऐन २०७५, र जनस्वास्थ्य नियमावली २०७७ ले निर्दिष्ट गरेको आधारभूत स्वास्थ्य सेवा प्रवाह गरी नागरिकको समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा सुशासन सहित गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नु माण्डवी गाउँपालिकाको दायित्व हो । स्वास्थ्य क्षेत्रको विकास नै समग्र विकासको आधार भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ । मानव विकास सूचकाङ्कमा सुधार ल्याई पालिकाको समग्र विकासका लागि गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न गाउँपालिकाले आवश्यकता महसुस गरेको छ । स्वास्थ्य र विकास अन्तर सम्बन्धित भएकोले गरीब, दुरदराजका नागरिकहरु अझै पनि बञ्चितीकरणमा परेको समुदायलाई सेवाको मूलप्रवाहिकरणमा ल्याई मानव विकास सूचकाङ्कमा सुधार ल्याउन आवश्यक छ ।

कुनै पनि समयमा हुनसक्ने स्वास्थ्य सम्बन्धी बिपद व्यवस्थापन तत्काल गर्नु, गाउँपालिका भित्र हुने नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बिद्यमान रहेको सर्ने रोगको व्यप्तता तथा बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस गाउँपालिकाले जिम्मेवारी बोध गरेको छ ।

आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवामा गाउँपालिकावासीहरुको समान पहुँच स्थापित गर्ने सँगै संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सामना गरेर गाउँपालिकाबासीको स्वास्थ्य प्रवर्धन, रोगहरुको रोकथाम, उपचार तथा पुनःस्थापना गर्न **माण्डवी गाउँपालिका स्वास्थ्य नीति,२०८० तयार गरी जारी गरिएको छ ।**

## २. विगतमा गरिएका प्रयासहरु

वि.सं २०२८ मा इलाका स्वास्थ्य चौकी देवीस्थान स्थापना सँगै एलोप्याथिक उपचार पद्धतिमा पाइला चालेको माण्डवी गाउँपालिकाले वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा

उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीती अनुरुप तत्कालिन साविक गा वि स हरु तथा हालका वडाहरुमा स्वास्थ्य सेवा विस्तार गरेको हो। साथै स्वास्थ्य संस्था स्तरोन्नति हुने क्रममा सवै उपस्वास्थ्य चौकीहरु स्वास्थ्य चौकीमा स्तरोन्नति भई सेवालाई थप विस्तार गर्दै लगिएको थियो। साथै महिला समुदायिक स्वास्थ्य स्वयं सेविका ४१ जना साथै स्थानीय तह स्थापना पश्चात स्थापना भएका ५ वटा सुरक्षित प्रसुती केन्द्र निरन्तरता तथा व्यवस्थित भएको,माण्डवीका विभिन्न वडाहरुमा ३ ओटा सामुदायिक स्वास्थ्य इकाईहरु र देवीस्थान स्वास्थ्य चौकीमा प्रयोगशाला र एक्सरे सेवालाई निरन्तरता दिदै लगिएको छ।

यी वाहेक स्वास्थ्य सम्बन्धी अन्य विभिन्न वैकल्पिक उपचार पद्धतिबाट स्वास्थ्य क्षेत्रको विकास र विस्तार हुँदै आएको भए पनि यस गाउँपालिकामा बैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद चिकित्सा सेवाको सुरुवात वि.सं २०७७ मा माण्डवी गाउँपालिका वडा नं ३ जस्पुरमा लुम्बिनी प्रदेश सरकारद्वारा स्थापना भएको नागरिक आरोग्य केन्द्र संचालन भएको छ।

स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै नेपालको संविधानले निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप यस माण्डवी गाउँपालिकाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा सुरु गरी गाउँपालिकाबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ। संघीयता कार्यान्वयनका क्रममा स्वास्थ्य चौकी भन्दा टाढा रहेका बस्तिहरुका जन समुदायहरुको पहुँचको लागी सहज तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सामुदायिक स्वास्थ्य इकाई स्थापना भई सञ्चालनमा आएका छन्। यस गाउँपालिकाले गरिब, अल्पसङ्ख्यक, पिछडिएका सिमान्तकृत, लक्षित वर्ग, उमेर समुह, शारीरिक तथा मानसिक रुपमा असक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै आएको छ।

गाउँपालिकाबासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संस्थागत तथा संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण तथा कार्यन्वयन गर्न आवश्यक धरातल र बैधानिकता सहित गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति समेत झल्कने गरी गाउँपालिका प्रोफाइल समेत तयार गरेको छ। स्थानीय आवश्यकताका आधारमा स्वास्थ्य क्षेत्रमा समानीकरण अनुदान अन्तर्गतको रकम विनियोजन गरी प्रभावकारी कामहरु सम्पन्न गरिरहेको छ। यस क्षेत्रमा बसोबास गर्ने नागरिकको स्वास्थ्य क्षेत्रमा सर्बसुलभ तथा गुणस्तरीय सेवाको पहुँच स्थापित गर्न विशेषज्ञ/ चिकित्सक सहितको घुम्ती सेवा, जेष्ठ नागरिकहरुलाई घरघरमा गई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने, सबै वडामा स्वास्थ्य चौकी तथा आवश्यकताको आधारमा सामुदायिक स्वास्थ्य इकाईहरुको स्थापना, राष्ट्रिय कार्यक्रमहरु जस्तैः नियमित खोप तथा गाउँघर क्लिनिक सञ्चालन, पूर्ण खोपयुक्त गाउँपालिका घोषणा/ सुनिश्चितता, सुरक्षित प्रसुती केन्द्रहरुको स्थापना तथा सञ्चालन, सुरक्षित प्रसुती केन्द्रमा खाना खाजाको व्यवस्थापन , महामारी नियन्त्रण तथा खोप अभियान सञ्चालन, ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम , पूर्ण संस्थागत प्रसुतिको लागि सुत्केरी टेवा कार्यक्रम,निशुल्क एम्बुलेन्स सेवा तथा जटिलतायुक्त सुत्केरीका लागि निशुल्क एम्बुलेन्स प्रेषण सेवा, परिवार योजना सेटेलाइट ल्किनिक सञ्चालन, स्वास्थ्य बीमा, स्तनपान कक्षको स्थापना, पोषण सम्बन्धी प्रभावकारी कार्यक्रम सञ्चालन, सर्ने तथा नसर्ने रोगको उपचारको

लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, विपन्न नागरिकहरुलाई उपचारका लागि आर्थिक सहायता कार्यक्रम देवीस्थान स्वास्थ्य चौकीमा प्रयोगशाला तथा एक्सरे सेवा ,५ वेडको कोभिड अस्पताल सञ्चालन प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी (WASH) योजना निर्माण, तथा आवश्यकता अनुसार भौतिक संरचना निर्माण तथा उपकरणको व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। आगामी दिनहरुमा यस्ता कार्यक्रमहरुमा थप प्रभावकारीता,दिगोपन तथा सर्वव्यापी पहुँचमा पुऱ्याउनका लागि नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यकता महसुस गरिएको छ।

**३. गाउँपालिकाको वर्तमान अवस्थाः**

प्यूठान जिल्लाको कुल जनसङ्ख्या मध्ये करीब ७ % जनसंख्या बसोबास गर्ने यस गाउँपालिकामा ४४ % भन्दा बढी जनसंख्या जनजातिको रहेको छ। यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ५ स्वास्थ्य चौकी, ३ सामुदायिक स्वास्थ्य इकाई १५ गाँउघर क्लिनिक, २५ खोप क्लिनिक,४१ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका रहेका छन्। यस गाउँपालिका अन्तर्गत १ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा हाल सम्म ५ वटा स्वास्थ्य संस्था बाट सुरक्षित प्रसूति सेवा उपलब्ध छ। यस्तै गरी यस पालिका भित्र विभिन्न किसिमका निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएका छन। आ.व. ०७९।०८० को स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकामा गाउँपालिकाको जनसंख्याको आधारमा औषतमा १.१७ पटक बिरामीले बहिरंग सेवा लिएका थिए । यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा २९ जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइरहेको छ । स्वास्थ्यकर्मी र जनसङ्ख्या को अनुपात हेर्दा १३२२ जनसङ्ख्यालाई १ जना प्यारामेडिक्स तथा ३८७ जनसङ्ख्यालाई १ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हुन आउँछ। त्यस्तै यस गाउँपालिकामा किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवती हुने सङ्ख्या पनि उच्च रहेको छ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छः

| सि नं | सूचकहरु | राष्ट्रिय तथ्याङ्क | प्रादेशिक तथ्याङ्क | माण्डवी गाउँपालिकाको तथ्याङ्क | | | दिगो विकास लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | | |
| १ | प्रथमपटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत (कुनै पनि समय) | | ९४ | ९४.४ | ७१.९ | ७३.७ | ९० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भ जाँच गराउने महिलाको प्रतिशत | | ८० | ७६.३ | ५६.१ | ५८.१ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | | ५४ | ७३ | ७८ | ९५ | ९० | |
| ४ | परिवार योजनाका आधुनिक साधनहरुको प्रयोग दर (१५-४९ वर्षका महिला) प्रतिशत | | ३२ | ३७.५ | ३८.७ | ३७.१ | ६० | |
| ५ | संस्थागत प्रसूतिको प्रतिशत | | ९४ | ७६.५ | ४६.७ | ४०.९ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरुको प्रतिशत (पूर्ण खोप) | | ९९.0 | १००.९ | १०२.२ | ८७.८ | १०० | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको कम तौल प्रतिशत | | ३.४ | १.६ | १.३ | १.५ | ० | |
| ८ | दक्ष प्रसूतिकर्मीहरु द्वारा सुत्केरी गराउने प्रतिशत | | ९४ | ७६.५ | ४६.७ | ४०.९ | ९० | |

गाउँपालिकामा पछिल्लो समयमा विभिन्न नसर्ने रोगहरुको प्रकोप बढ्दो छ। गाउँपालिका मातहतमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष

जनशक्ति, औजार तथा उपकरण, औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ। एकीकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सन्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्नु जरुरी छ।

माथिका प्रायः सूचकहरुमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको भएतापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा स्वास्थ्य सेवाको गुणस्तर,पहुँच र उपभोगमा वृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाह गर्नका लागि गाउँपालिकाले थप कार्य गर्न आवश्यक देखिएको छ।

## ४. गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या ,चुनौती र अवसरहरु

### ४.१ समस्याहरु

- गाउँपालिकाभित्र सवै तह, वर्ग र क्षेत्रका समुदायमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन।
- केही स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार अपर्याप्त भएको
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन नसकेको।
- गाउँपालिका भित्रका निजी स्वास्थ्य संस्थाहरु स्थानीय तहको दायरामा आईनसकेका।
- अत्यावश्यक तथा निःशुल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रयाप्त वजेट र लगानी नपुगेको।
- गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो रोग, दीर्घ श्वासप्रस्वास सम्बन्धी रोग, दाँत रोग र मानसिक रोगका समस्याहरु बढ्दो क्रममा रहेको।
- गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या सन्तोषजनक देखिए पनि किशोरावस्थामै बच्चा जन्माउने समस्या विद्यमान रहेको ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन नसकेको।

- स्वास्थ्य क्षेत्रमा भएको लगानी अनुरुप नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाए नपाएको बारे नियमित र प्रभावकारी अनुगमन हुन नसकेको ।
- गाउँपालिकाका जडीबुटी एवम आयूर्वेदिक उपचार पद्दतिको सदुपयोग सही रुपमा हुन नसकेको ।
- गाउँपालिकावासीहरुमा औषधीको समुचित प्रयोगबारेको पर्याप्त ज्ञान तथा चेतनाको अभाव रहेको ।
- स्वास्थ्य कार्यक्रमहरुको तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन हुन नसकेको ।
- सडक दुर्घटना, बाढी, पहिरो,नदी कटान, वन्यजन्तुको आक्रमण, पेशाजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यवस्थापन गर्न नसकिएको ।
- असुरक्षित गर्भपतनको समस्या बढ्दो क्रममा रहेको ।
- रेबिज, सर्पदंश लगायत उष्णप्रदेशीय रोगहरु जस्तै डेंगु,कालाजार, मलेरिया, स्क्रब टाईफस जस्ता रोगहरुको समस्या बढ्दो क्रममा रहेको छ।
- लैगिंक हिंसाका घटनाहरुको पहिचान गरी समयमै प्रेषण नहुनु समस्याको रुपमा रहेको छ ।
- पराम्परागत उपचार पद्दति जस्तै धामी झाँक्री, झारफुक आदिको कारण समयमै उपयुक्त उपचार नहुँदा रोगको जटिलताहरु उत्पन्न हुने समस्या अझै पनि रहि आएको छ।
- स्वास्थ्य बीमाको बारेमा जनचेतनामा कमी रहेको र स्वास्थ्य बिमा कार्यक्रममा आवद्दता कमी रहेको छ।

### ४.२. चुनौतीहरु

- स्वास्थ्य नै विकासको प्रमुख मुद्दाको रुपमा सरोकारवालाहरुमा साझा धारणा बन्न सकिरहेको छैन ।
- गम्भीर प्रकृतिका रोग लागेमा उपचार महङ्गो भई परिवार नै आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसक्ने अवस्था विद्यमान छ ।
- शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, भौगोलिक असहजता, भौतिक पूर्वाधार, स्तरीय सडक, शुद्ध तथा प्रयाप्त खानेपानीको व्यवस्था नहुनु चुनौतीपूर्ण छ ।
- सिमित तथा अप्रयाप्त स्रोत साधनको प्रयोग गरी संबिधान प्रदत्त आधारभूत स्वास्थ्य सेवा सवै जनतामा प्रदान गर्न कठिनाई भएको छ।
- भौगोलिक विकटताले गर्दा सेवाको उपलब्धता भएतापनि सेवाको उपभोगमा कमी रहेको छ जसको कारण स्वास्थ्य सेवामा अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन ।

- जलवायु परिवर्तन सँगै लामखुट्टे तथा अन्य भेक्टरको संख्या वृद्दि भई उष्ण प्रदेशीय रोगहरु बढ्दै गईरहेका छन् ।

**४.३. अवसरहरु**

- संघ तथा प्रदेश सरकारको स्वास्थ्य क्षेत्रमा लगानीमा निरन्तरता रहिआएको छ ।
- नेपाल सरकार वाट सञ्चालित विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरुः स्वास्थ्य बीमा, विपन्न नागरिक सहायता कार्यक्रम लगायत अन्य कार्यक्रमहरुको निरन्तरता रहेको छ।
- गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न निजी तथा गैह्र सरकारी सहयोगी संस्थाहरुको कार्यरत रहि आएका छन ।
- आधुनिक प्रविधिको सही प्रयोग गर्दै एकीकृत स्वास्थ्य सूचना प्रणाली मार्फत गुणस्तरीय तथ्याङ्कको पहुँच र प्रयोग बढाई तथ्यमा आधारित योजना निर्माण गर्न सकिने अवस्था रहेको छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउने कुरामा जोड दिईएको अवस्था छ ।
- राजनीतिक नेतृत्व तथा सर्वसाधारण नागरिकमा स्वास्थ्यको महत्वबारे जनचेतना बढ्दै गएको अवस्था छ ।

**५. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु**

**५.१. औचित्य**

केही दशक यता स्वास्थ्य क्षेत्रले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूलाई संस्थागत गर्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व मनन गर्दै स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । गाउँपालिकाको प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाले स्वास्थ्य नीति तय गरेको छ ।

**५.२. निर्देशक सिद्धान्त**

विद्यमान समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही निर्देशक सिद्धान्त निर्माण गरी सोही आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०८० को कार्यान्वयन गरिनेछ ।

१. मौलिक अधिकारको रुपमा आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

३. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

४. तथ्यमा आधारित योजना, प्रर्याप्त लगानी र कुशल व्यबस्थापन

५. स्वास्थ्य सेवामा नवीनता तथा सृर्जनशीलता

६. सुशासन, जवाफदेहीता र पेशागत आचरणप्रति प्रतिबद्धता

७. मौलिक तथा परम्परागत पद्धतिको संरक्षण र प्रवर्धनका साथै औषधिजन्य जडिवुटीको खोज तथा प्रबर्धन।

८. स्वास्थ्य प्रवर्धन, संरक्षण, उपचार र पुनःस्थापना

**५.३ भावी सोच (Vision)**

माण्डवी गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने छन।

**५.४ ध्येय (Mission )**

संघ तथा प्रदेश सरकार,क्षेत्रगत सरोकारवाला,स्वास्थ्य सेवा प्रदायक र सेवाग्राही बीच समन्वय तथा रणनीतिक सहकार्य गरी नागरिकहरू स्वस्थ रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने।

**५.५ लक्ष्य (Goal)**

गाउँपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच वृद्धि गरी समतामूलक एवम जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**५.६. उद्देश्यहरू (Objectives)**

- गाउँपालिकाबासीलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृर्जना गर्ने।
- गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक र पुनःस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्धन र नियमन गर्ने।
- स्वस्थ जीवन शैली प्रवर्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय, सामाजिक तथा वातावरणीय कारक तत्वहरुलाई व्यवस्थापन गर्दै अनुकुल वातावरण सृर्जना गर्ने।

- स्वास्थ्य सेवा प्रवाहमा सरकारी निजी, बहुपक्षीय सहकार्य, साझेदारी तथा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने ।

**६. नीतिहरु**

**माण्डवी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतीलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गर्ने छ ।**

**६.१ संवैधानिक व्यवस्था अनुसार गाउँपालिकावासीले नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको सुनिश्चित गरिने छ ।**

**६.२ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक तथा उपचारात्मक सेवा विस्तार गरिने छ ।**

**६.३ न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

**६.४ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवम परिणाममुखी बनाईनेछ ।**

**६.५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन गरी दिगो बिकासका लक्ष्य अनुरुप नसर्ने रोगको प्रकोप दर घटाईने छ ।**

**६.६ गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी आधारभूत बाहेकका स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ र सर्वव्यापी पहुँच सुनिश्चित गरिने छ ।**

**६.७ गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

**६.८ स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाई तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य अनुसन्धानलाई प्रवर्धन गरिनेछ ।**

**६.९ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ।**

**६.१० सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आपतकालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवालाको समन्वयमा विशेष योजना बनाई लागु गरिने छ ।**

**६.११ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

**६.१२ पेशागत स्वास्थ्य र सुरक्षालाई प्रवर्धन गर्दै कार्यस्थल सुरक्षित बनाउन समन्वय, सहकार्य तथा नियमन गरिने छ ।**

**६.१३ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लगिने छ।**

**६.१४ गाउँपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्धक, पौष्टिक र रैथाने (स्थानीय स्तरमा उत्पादन हुने ) खाद्य पदार्थ उत्पादन, उपभोग र पहुँचलाई प्रवर्धन गर्दै मिसावटयुक्त तथा अस्वस्थकर खाद्यपदार्थको नियन्त्रण तथा निरुत्साहित गरिने छ ।**

**६.१५ आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुष्त बनाउन आवश्यक कदम चालिने छ ।**

**६.१६ जीवन पथमा आधारित जस्तै बाल स्वास्थ्य, सुरक्षित मातृत्व, किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य रुग्णताको व्यवस्थापन लगायतका सेवाको विस्तार गरिनेछ ।**

**६.१७ बालबालिका तथा किशोरकिशोरी स्वास्थ्य प्रवर्धनका लागि विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप सुदृढ गरिनेछ।**

**६.१८ प्रतिजैविक प्रतिरोधलाई न्युनीकरण गर्न एक स्वास्थ्य नितीलाई अवलम्बन गर्दै प्रतिजैविक औषधीको समुचित प्रयोगलाई प्रवर्धन गरिने छ।**

**६.१९ सबै नीतिमा स्वास्थ्यका लागि बहुक्षेत्रीय समन्वय, सहकार्य तथा पैरबी गरिनेछ।**

**६.२० सरकारी तथा निजी क्षेत्रबाट सञ्चलित स्वास्थ्य सेवामा गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ ।**

## नीति अन्तर्गत रणनीतिहरु

**नीति ६.१: संवैधानिक व्यवस्था अनुसार गाउँपालिकावासीले निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको सुनिश्चित गरिने छ ।**

६.१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट प्रचलित ऐन कानुनले तोके बमोजिमका प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा निःशुल्क उपलब्ध गराईनेछ ।

६.१.२ पहुँचबाट टाढा रहेको जनसंख्यालाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार खोप क्लिनिक, गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य ईकाई स्थापना तथा संचालन गरिने छ ।

६.१.३ आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्नको लागि गाउँपालिकाबाट पर्याप्त साधन श्रोतको व्यवस्था मिलाईने छ ।

६.१.४ गाउँपालिकाको आवश्यकता अनुसार आधारभूत स्वास्थ्य सेवामा सेवाहरु थप गरिने छ र निशुल्क प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

**नीति ६.२: गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक तथा उपचारात्मक सेवा विस्तार गरिने छ ।**

६.२.१ गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गरी सञ्चालन गरिनेछ । ६.२.२ गाउँपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरुमा तथा दुर्गम ग्रामीण भेगमा घुम्ती शिविरहरु मार्फत विशेषज्ञ सेवा प्रदान गरिनेछ।

६.२.२ नाक, कान, घाँटी, मुख स्वास्थ्य, मानसिक रोग सेवा, आँखा स्वास्थ्य सेवा तथा फिजियोथेरापी सेवालाई क्रमशः विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईने छ ।

६.२.३ ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रमलाई स्वास्थ्य संस्था स्तर सम्म पुर्याइने छ ।

६.२.४ गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट निदानात्मक सेवा प्रवाहको लागि क्रमशः प्रयोगशाला सेवा विस्तार गरिने छ।

**नीति ६.३: न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

६.३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु, खोप तथा गाउँघर क्लिनिकको मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरिने छ ।

६.३.२ स्वास्थ्य संस्थाहरुको भौतिक संरचना अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री बनाईने छ ।

६.३.३ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधी तथा औषधी जन्य सामग्रीहरु गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईने छ ।

६.३.४ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी उपकरणको सूची तयार गरी खरीद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिने छ ।

६.३.५ सुरक्षित खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्थासहित), मापदण्डअनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।

६.३.६ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, उपकरण, अस्पताल तथा प्रसूति केन्द्रमा कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार व्यवस्था गरिने छ।

६.३.७ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा विभिन्न मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ।

६.३.८ गाउँपालिकामा स्वास्थ्य जन्य सामग्रीको भण्डार कक्ष निर्माण सँगै, खोप तथा खोप जन्य सामाग्रीको भण्डारण तथा वितरणको लागि सब-सेन्टर स्थापना गरिने छ।

**नीति ६.४: स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवम परिणाममुखी बनाईनेछ।**

६.४.१ स्वास्थ्य प्रणालीलाई संघ तथा प्रदेशसंग समानजस्यता हुने गरी स्वास्थ्य क्षेत्रमा सुशासन तथा आन्तरिक नियन्त्रणको लागि आवश्यक नियम, निर्देशिका वा कार्यविधि तयार गरी लागु गरिने छ।

६.४.२ स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइका साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गरिने छ।

६.४.३ गाउँपालिका स्तरीय सामाजिक विकास समिति, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु तथा अन्य स्वास्थ्यसँग सम्बन्धित बिभिन्न समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरिने छ।

६.४.४ स्वास्थ्यसंग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, दातृ निकायहरु तथा निजी क्षेत्रलाई गाउँपालिकाको नीति अनुरुप परिणाममुखी कार्य गर्नको लागि उत्पेरित गरिने छ।

६.४.५ गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवा मापदण्ड बमोजिम भएको सुनिश्चित गर्न नियमितरुपमा अनसाईट/अफसाईट कोचिङ्, सहयोगात्मक सुपरीवेक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाईने छ।

**नीति ६.५: नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन गरी दिगो बिकासका लक्ष्य अनुरुप नसर्ने रोगको प्रकोप दर घटाईने छ।**

६.५.१ नसर्ने रोगहरु रोकथाम गर्नको लागि स्वास्थ्य प्रवर्धन गर्न स्वस्थ आहार विहार, भान्सा सुधार कार्यक्रम, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, हरित पार्क निर्माण, स्थापना तथा संचालन गरिने छ।

६.५.२ नसर्ने रोगहरु रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रमलाई व्यापक बनाई स्वास्थ्य साक्षरता अभिवृद्दि गरिनेछ। विभिन्न माध्यम र विधिहरु मार्फत अधिकतम नागरिकहरुको ज्ञान तथा चेतना अभिवृद्दि गरिने छ।

६.५.३ मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वासप्रश्वास सम्बन्धी रोग, मष्तिष्कघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथामका लागि सुर्तिजन्य पदार्थ, मद्यपानको बिक्री विकरण, प्रचारप्रसार तथा कानुन बमोजिम नियन्त्रण र नियमन गरिने छ।

६.५.४ स्वस्थकर खानपान, स्वस्थ जीवनशैलीलाई प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरी अस्वस्थकर खानपान तथा जीवन शैलीलाई निरुत्साहित गरिने छ ।

६.५.५ नसर्ने रोगहरुको समयमै पहिचान गरि व्यवस्थापन गर्नका लागि हरेक स्वास्थ्य संस्थामा स्क्रिनिङ् तथा व्यवस्थापन गर्न PEN कार्यक्रम लागु गरिने छ ।

६.५.६ जटिल प्रकृतिका नसर्ने रोगहरुको उपचारको लागि विपन्न तथा असहाय नागरिकहरुलाई आवश्यकता अनुसार सामाजिक सुरक्षाका कार्यक्रमहरुमा समावेश गरिने छ ।

६.५.७ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाहरुमा बिस्तार गरिने छ ।

६.५.८ मानसिक स्वास्थ्यको विषयमा आमरुपमा रहेको गलत धारणालाई चिर्दै मानसिक स्वास्थ्य समस्या भएका नागरिकहरुको मानवअधिकार रक्षा गर्दै स्वास्थ्य सेवामा पहुँच अभिवृद्दि गरिने छ।

६.५.९ लागु पदार्थ दुर्व्यसन रोकथाम तथा नियन्त्रणको लागि जनचेतना अभिवृद्दिका कार्यक्रमहरु सञ्चालन गरिने छ।

**नीति ६.६: गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी आधारभूत बाहेकका स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ र सर्वव्यापी पहुँच सुनिश्चित गरिने छ ।**

६.६.१ आधारभूत स्वास्थ्य सेवाले समेट्न नसकेका विषेशज्ञ सेवाहरुमा गाउँपालिकाबासीहरुको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई थप सुदृढ गरिने छ।

६.६.२ सामाजिक न्यायको सिदान्तमा आधारित सही विपन्न, असहाय, तथा प्राथमिकतामा परेका लक्षित वर्गलाई गाउँपालिकाले स्वास्थ्य बीमा गरिदिने व्यवस्था मिलाईने छ ।

६.६.३ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रम तथा सेवा लाई थप प्रभावकारी बनाउदै लगिने छ । साथै गाउँपालिकाको आफ्नै अस्पतालबाट बीमितहरुलाई सेवा सुनिश्चित गरिने छ ।

**नीति ६.७: गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।**

६.७.१ आयुर्वेद एवम बैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्धन गरिनेछ ।

६.७.२ प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा आधारभूत आयुर्वेद एवम वैकल्पिक चिकित्सा सेवा व्यवस्थित तथा निःशुल्क रुपमा प्रदान गर्ने व्यवस्था मिलाईने छ।

६.७.३ प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिने छ।

६.७.४ गाउँपालिकामा उपलब्ध हुने आयुर्वेदिक जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा प्रोत्साहन गरिनेछ। जडिवुटी पहिचान, प्रसोधन र उपयोग सम्बन्धि आधारभुत तालिमको ब्यवस्थापन गरिने छ।

**नीति ६.८: स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाई तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य अनुसन्धानलाई प्रवर्धन गरिनेछ।**

६.८.१ विद्यमान स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई नियमित अद्यावधिक गर्दै उपलब्ध तथ्याङ्कहरुलाई आधिकारिक स्रोत मानी आवश्यक कार्ययोजनाको निर्माण गरिने छ। गाउँपालिकाको वार्षिक स्वास्थ्य प्रतिवेदन तयार गरि प्रकाशन गरिने छ। गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउँदै लगिने छ

६.८.२ सबै सरकारी स्वास्थ्य संस्थाहरुमा विद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरिने छ र क्रमशः निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुलाई आबद्ध गर्दै लगिने छ।

६.८.३ तथ्याङ्कको वैद्यता, गुणस्तरीयता र विश्वसनीयता कायम राख्न अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणको प्रणालीलाई सबलीकृत गरिने छ।

६.८.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकीकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिने छ।

६.८.५ एकीकृत विद्युतीय सुचना प्रणालीबाट प्राप्त सूचना विश्लेषणका निश्कर्षहरुलाई स्वास्थ्य क्षेत्रको आवधिक योजना निर्माणका साथै समिक्षा गर्ने पद्दतिको विकास गरिने छ।

६.८.६ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, अध्ययन तथा अनुसन्धान गर्ने र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजनामाफर्त कार्यान्वयन गरिने छ।

**नीति ६.९: स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ।**

६.९.१ स्वास्थ्य सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो काम कर्तव्यप्रति थप जिम्मेवार बनाउनका लागि नतिजामुखी कार्य विवरण तयार गरी लागु गरिने छ।

६.९.२ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी  बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ र सो को आधारमा आन्तरिक काज, सरुवा तथा प्रोत्साहनको व्यवस्था मिलाईनेछ।

६.९.३ स्वास्थ्य क्षेत्रमा स्रोतको समुचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिने छ।

६.९.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गर्न रिक्त पदहरुमा यथाशीघ्र स्थायी पदपूर्तिको लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ।

६.९.५ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण  गरी वैज्ञानिक आधारमा संङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईने छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई संगठनात्मक संरचना तथा दरबन्दी कायम नहुँदा सम्मको लागि सामुदायिक स्वास्थ्य ईकाई तथा प्रसूति केन्द्रहरुमा करार सेवामा कर्मचारीहरु नियुक्त गरी सेवा प्रवाह सुनिश्चित गरिने छ।

६.९.६ आवश्यकता अनुसार थप स्वास्थ्य जनशक्तिको परिचालन गरी तिनिहरुको क्षमता अभिवृद्दिकालागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिने छ।

६.९.७ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई सुदृढ गर्न प्रत्येक प्रसूति केन्द्रमा पर्याप्त संख्यामा दक्ष प्रसूतिकर्मीको व्यवस्था गरिने छ।

६.९.८ महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी क्षमता अभिवृद्धि गर्दै लगिने छ।

६.९.९ समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायिक स्वास्थ्य प्रवर्धक, विद्यालय नर्स, महिला सामुदायिक  स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह जस्ता मानव संसाधनको व्यवस्था साथै घुम्ती स्वास्थ्य शिविर र गाउँघर क्लिनिक जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाईने छ।

**नीति ६.१०: सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आपतकालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवालाको समन्वयमा विशेष योजना बनाई लागु गरिने छ।**

६.१०.१ सङ्क्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न संघीय तथा प्रदेश सरकारको नीति अनुरुप कार्यक्रमहरु बनाई प्रभावकारी सञ्चालन गरिने छ।

६.१०.२ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरुमार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु सञ्चालन गरिने छ। क्षयरोग, कुष्ठरोग, HIV/AIDS जस्ता रोगहरुको रोकथाम नियन्त्रण, निवारणका लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिने छ। गाउँपालिकालाई क्षयरोगमुक्त स्थानीय तह बनाउन कार्यक्रम सञ्चालन गरिने छ।

६.१०.३ रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र कीटजन्य रोगहरु जस्तैः मलेरिया, डेङ्गु, हात्तीपाइले, स्क्रब टाइफस, कालाजार आदि रोगहरुको प्रभावका आधारमा रोकथाम, नियन्त्रण र उपचारको लागि योजना बनाइ सेवा बिस्तार गरिने छ।

६.१०.४ विपद्को समयमा सङ्क्रामक रोगहरुको रोकथामको लागि स्वच्छ तथा शुद्द खानेपानीको सुनिश्चितताको लागि नियमित खानेपानी परीक्षण तथा शुद्दीकरण गर्ने व्यवस्था मिलाईने छ।

६.१०.५ खोपबाट रोकथाम गर्न सकिने रोगहरुको हुन सक्ने महामारी रोकथाम तथा नियन्त्रणका लागि खोप सेवालाई प्रभावकारी बनाई पूर्णखोप सुनिश्चित गाउँपालिका सुनिश्चित गरिनेछ र खोपबाट रोकथाम गर्न सकिने रोगको निरन्तर निगरानी गरिने छ।

६.१०.६ महामारीजन्य सूचीकृत रोगहरुको सुचना सङ्कलन गरी स्वास्थ्य कार्यालय संग समन्वय गरी व्यवस्थापनको योजना तय गरिने छ।

६.१०.७ गाउँपालिकाको आपतकालीन तथा स्वास्थ्य विपद व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइ कार्यान्वयन गरिने छ।

६.१०.८ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल प्रतिकार्य गर्ने व्यवस्था मिलाईने छ र गाउँपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीको मौज्दात राखिने छ।

६.१०.९ गाउँपालिका तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिने छ।

६.१०.१० गाउँपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा सञ्चालन हुने एम्बुलेन्स एवं शव बाहन सेवालाई प्रचलित ऐन कानुन तथा निर्देशिका बमोजिम नियमन गरिने छ।

६.१०.११ महामारी तथा विपद्को समयमा संक्रामक रोग फैलिन नदिन र नागरिकलाई सुरक्षित राख्नको लागि प्रत्येक वडामा क्वारेन्टाईन सेन्टर , सुरक्षित आश्रय स्थलको पहिचान गरी आवश्यक व्यवस्थापन गरिनेछ।

६.१०.१२ विपद्को समयमा नागरिकलाई सही सूचना प्रवाह गर्नको लागि हटलाईन टेलिफोन नं को व्यवस्था गरी २४ सै घण्टा सही सूचना संप्रेषण गर्ने व्यवस्था मिलाईने छ।

**नीति ६.१२: वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

६.१२.१ वडा समितिहरुको अगुवाईमा गाउँघर, समुदाय र बजार क्षेत्रको फोहोरको उचित व्यवस्थापन गरिने छ। खुला दिसामुक्त गाउँपालिका सुनिश्चित गरी पूर्णसरसफाई उन्मुख गाउँपालिका बनाईने छ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिने छ।

६.१२.२ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सम्बद्ध सरोकारवालाहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

६.१२.३ गाउँपालिकाबासीको पर्याप्त स्वच्छ र शुद्द खानेपानी पानी प्राप्त गर्ने अधिकार सुनिश्चित गरिने छ।

६.१२.४ जल, वायु, ध्वनि लगायत अन्य वातावरणीय प्रदुषण रोकथामका कार्यक्रमहरु सञ्चालन गरिने छ। साथै वातावरणीय प्रदुषण नियन्त्रण तथा नियमन गर्न कानुन निर्माण गरी लागु गरिनेछ।

**नीति ६.१३: पेशागत स्वास्थ्य र सुरक्षालाई प्रवर्धन गर्दै कार्यस्थल सुरक्षित बनाउन समन्वय, सहकार्य तथा नियमन गरिने छ।**

६.१३.१ सर्वव्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला सङ्कलन, बर्गिकरण र विर्सजनको लागि समन्वय गरिने छ।

६.१३.२ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी आवश्यकता अनुसार नियमन गरिनेछ।

६.१३.३ किटनाशक बिषादीको प्रयोगलाई नियमन, औद्योगिक रसायनको समुचित प्रयोग तथा विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ।

**नीति ६.१४: स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लगिने छ।**

६.१४.१ गाउँपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा विनियोजन गरिने छ। साथै आवश्कता अनुसार वृद्धि गर्दै लगिने छ।

६.१४.२ निजी तथा गैहसरकारी क्षेत्रबाट स्थापना हुने अस्पतालले प्रचलित कानुन बमोजिम कम्तीमा १० प्रतिशत वेड गरीब, असहायकालाई छुट्टाई निशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने व्यवस्था मिलाईने छ।

६.१४.३ लक्षित वर्ग (अपाङ्गता भएका व्यक्ति, द्वन्द पिडीत, एकल महिला, एच आई भि. संक्रमित, विपन्न, असहाय बालबिका तथा जेष्ठ नागरिक, सडक बालबालिका आदि) लाई उनीहरुको आवश्यकता बमोजिमको उपचार, साधन तथा सहयोगी सामग्रीको व्यवस्था मिलाईन एक चक्रीय कोष स्थापना गरि सञ्चालनमा ल्याईने छ।

**नीति ६.१५: गाउँपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्धक, पौष्टिक र रैथाने (स्थानीय स्तरमा उत्पादन हुने ) खाद्य पदार्थ उत्पादन, उपभोग र पहुँचलाई प्रवर्धन गर्दै मिसावटयुक्त तथा अस्वस्थकर खाद्यपदार्थको नियन्त्रण तथा निरुत्साहित गरिने छ।**

६.१५.१ सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्न पैरवी तथा जनचेतना अभिवृद्दि गरिने छ।

६.१५.२ विद्यालय तथा अन्य क्षेत्रमा अस्वस्थकर खानालाई निरुत्साहित गर्न जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ। र प्रचलित कानुन बमोजिम नियमन गरिने छ।

६.१५.३ स्थानीय स्तरमा उत्पादन हुने खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई वृद्धि गर्न बहुक्षेत्रीय सहकार्यलाई जोड दिई पोषण संवेदनशील कृषि कार्यलाई व्यवस्थित तरिकाले बढवा दिइदै लगिने छ। साथै प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिने छ।

६.१५.४ पोषणयुक्त बाल पौष्टिक आहार, विद्यालयमा पोषणयुक्त दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उपभोगका लागि प्रोत्साहन गरिने छ र सोको गुणस्तर सुनिश्चितताका लागि आवश्यक अनुगमन, नियमन तथा सहजीकरण गरिने छ।

६.१५.५ स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिने छ। यस्ता खाद्य पदार्थ प्रशोधन, सुरक्षित भण्डारण को व्यवस्था मिलाई खाद्य सुरक्षा सुनिश्चित गरिने छ।

६.१५.६ बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमलाई विस्तार, परिमार्जन एवं प्रभावकारी बनाइने छ। आवश्यकता अनुसार पोषण पुनःस्थापना केन्द्रमा प्रेषण गर्ने व्यवस्था मिलाईने छ।

६.१५.७ गर्भवती पोषण, सुत्केरी पोषण तथा स्याहार र बालपोषण अभिवृद्दि गर्न कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

६.१५.८ सुक्ष्म पौष्टिक तत्वको कमी हुन नदिन पाँच वर्ष मुनिका वालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी, किशोरी तथा गर्भवती महिलाहरुलाई आईरन फोलिक एसिड प्रदान गरिने छ।

६.१५.९ खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ। साथै स्वस्थ दुग्ध तथा मासु जन्य खाद्य पदार्थ उत्पादन तथा बिक्री बितरणको लागि निगरानी तथा नियमन गरिने छ।

६.१५.१० गाउँपालिकालाई पोषणमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ।

**नीति ६.१६: आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुष्त बनाउन आवश्यक कदम चालिने छ।**

६.१६.१ स्थानीय स्वास्थ्य संस्थाबाट विरामीहरुलाई प्रेषण गर्दा प्रेषण केन्द्रहरुसँग आवश्यक समन्वय स्थापित गरिनेछ।

६.१६.२ सुत्केरी महिलाका लागि आइपर्ने जटिलता व्यवस्थापनको लागि निशुल्क एम्बुलेन्स सेवा वा तोकिएबमोजिम प्रेषण यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरिने छ।

६.१६.३ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ। गाउँपालिकामा सुचिकृत प्रसूति केन्द्ररुबाट २४ सै घण्टा आकस्मिक प्रसुति सेवा प्रवाह हुने व्यवस्था मिलाईने छ।

६.१६.४ प्रेषणका लागि गाउँपालिका भित्र सञ्चालन हुने एम्बुलेन्स वा बिरामी बोक्ने सवारी साधनको उपलब्धतालाई सुनिश्चित गरिने छ।

६.१६.५ स्वास्थ्यकर्मीहरुद्धारा प्रदान गरिने २४ सै घण्टा आकस्मिक प्रसुति सेवा तथा प्रेषण सेवालाई द्रुत र सहज बनाउन प्रसूति केन्द्रमा कार्यरत नर्सिङ् कर्मचारीहरुलाई आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइने छ।

**नीति ६.१६: जीवन पथमा आधारित स्वास्थ्य जस्तै बाल स्वास्थ्य, सुरक्षित मातृत्व, किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य रुग्णताको व्यवस्थापन लगायतका सेवाको विस्तार गरिनेछ।**

६.१६.१ प्रचलित कानुन बमोजिम सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ, पहुँचयोग्य बनाईने छ।

६.१६.२ मातृशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोरकिशोरी स्वास्थ्य प्रौढ तथा जेष्ठ नागरिक लगायत विभिन्न उमेर तथा जोखिम समूह लक्षित सेवाहरुको सुदृढीकरण गर्ने सेवा विस्तार गरिने छ।

६.१६.३ बाल विवाह न्युनीकरणका लागि विषेश कार्यक्रम सञ्चालन गरिने छ र किशोरी गर्भावस्थालाई निरुत्साहन गर्न परिवार नियोजन कार्यक्रम प्रवर्धन गरिने छ।

६.१६.४ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिने छ। सबै स्वास्थ्य संस्थाहरुबाट ५ वटै परिवार नियोजनका साधनहरु सुनिश्चित गरिने छ।

६.१६.५ गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई प्रमाणीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाइने छ।

६.१६.६ उमेर संगै महिलाहरुमा देखिने स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, पाठेघर खस्ने, फिस्टुला लगायतको समस्यालाई सबै स्वास्थ्य संस्था तथा स्वास्थ्य शिविरहरुमार्फत स्क्रिनिङ् गर्ने, आवश्यक उपचार गर्ने, प्रेषण गर्ने व्यवस्था मिलाईने छ ।

६.१६.७ सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैङ्गिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।

६.१६.८ लैंगिक हिंसामा परेका महिलालाई एकद्वार प्रणालीबाट आवश्यक स्वास्थ्य, कानुनी सेवा दिने व्यवस्था मिलाईने छ। हिंसाबाट पिडीत महिलालाई सुरक्षित आश्रयस्थलमा राखि संरक्षण गर्न सम्बन्धित सरोकारवालासंग समन्वय तथा सहकार्य गरिने छ।

**नीति ६.१७: बालबालिका तथा किशोरकिशोरी स्वास्थ्य प्रवर्धनका लागि विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप सुदृढ गरिनेछ।**

६.१७.१ विद्यालयमा अध्ययनरत बालबालिकाको नियमित स्वास्थ्य परीक्षण तथा आवश्यक स्वास्थ्य सेवाहरु (जस्तै आँखा, कान, दन्त परीक्षण, निशुल्क स्यानिटरी प्याड, आईरन चक्की तथा जुकाको औषधी आदि) प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

६.१७.२ विद्यालयका शिक्षकको क्षमता अभिवृद्दि गरी स्वास्थ्य शिक्षा तथा परामर्शका सेवाहरु विद्यालयमै उपलब्ध गराईने छ। प्रत्येक विद्यालयमा स्वास्थ्य शिक्षा कर्नर स्थापना गरी सञ्चालनमा ल्याईने छ।

६.१७.३ विद्यालयका शिक्षक तथा विद्यार्थीको स्वास्थ्य प्रवर्धनकालागि स्वस्थकर वातावरणको सिर्जना गरिने छ।

६.१७.४ विद्यालय तथा समुदाय बीचमा निरन्तर समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाईने छ।

**नीति ६.१८: प्रतिजैविक प्रतिरोधलाई न्युनीकरण गर्न एक स्वास्थ्य नितीलाई अवलम्बन गर्दै प्रतिजैविक औषधीको समुचित प्रयोगलाई प्रवर्धन गरिने छ।**

६.१७.१ प्रतिजैविक प्रतिरोधलाई न्युनीकरण गर्न एन्टिवायोटिकको दुरुपयोगलाई प्रभावकारी नियमन र नियन्त्रण गर्न आवश्यक कार्ययोजनाको विकास गरी लागू गरिनेछ ।

६.१७.२ प्रतिजैविक प्रतिरोध सम्बन्धी समस्या न्युनीकरण गर्न एन्टिवायोटिकको सही सदुपयोग सम्बन्धी गाउँपालिकावासीहरुमा जनचेतना अभिवृद्दि गरिने छ ।

६.१७.३ मानव स्वास्थ्य प्रवर्धन गर्नको निमित्त एक स्वास्थ्य निती अनुरुप पशु स्वास्थ्य, वातावरणीय स्वास्थ्य क्षेत्र संग आवश्यक समन्वय तथा सहकार्य गरी कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

६.१७.४ मासुको लागि गरिने कुखुरा तथा पशुपालनलाई व्यवस्थापन गर्न समन्वय गरि आवश्यक जनचेतना अभिवृद्दि गरिने छ ।

६.१७.५ खाद्य प्रदुषण तथा मिसावटको नियमन र  नियन्त्रणका लागि कार्ययोजना विकास गरी लागु गरिनेछ।

**नीति ६.१९ सबै नीतिमा स्वास्थ्यका लागि बहुक्षेत्रीय समन्वय, सहकार्य तथा पैरवी गरिनेछ।**

६.१९.१ गाउँपालिका भित्र निर्माण गरिने सवै नीतिमा तथा कार्यक्रमहरुमा गाउँपालिकाबासीको स्वास्थ्यलाई ध्यानमा राखि निर्माण गरिने छ।

६.१९.२ संघ, प्रदेश तथा अन्य स्थानीय तहमा हुने विकास निर्माणका कार्यहरुको नीति तथा कार्यक्रम निर्माणमा स्वास्थ्य क्षेत्रलाई केन्द्रमा राखी नीति तथा कार्यक्रम निर्माणको लागि पैरवी गरिने छ।

६.१९.३ गुणस्तरीय तथा प्रभावकारी  स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था अभियान सुरु गरी क्रमागत रुपमा बिस्तार गरिने छ।

६.१९.४ स्वास्थ्यका वृहत सामाजिक तथा सांस्कृतिक कारकतत्वहरुलाई सम्बोधन गर्ने संघीय तथा प्रदेश सरकारका बिभिन्न निकायहरु संग समन्वय तथा सहकार्य गर्दै गाउँपालिकाबासीको समग्र स्वास्थ्य प्रवर्धन गरिने छ।

६.१९.५ बढ्दो सडक दुर्घटनाका कारण भई रहेको मानवीय क्षति न्युनीकरणको लागि सडक, तथा ट्राफिक प्रहरी, यातायात व्यवसायी तथा समुदाय संग सहकार्य र साझेदारी गरिने छ।

६.१९.६ समुदायमा सबै सामाजिक सत्ता (स्तरीय युवा क्लब, बाल क्लब, उपभोक्ता समितिहरु आदि) सँग समन्वय तथा सहकार्य गरी स्वास्थ्य प्रवर्धनका क्रियाकलापहरु संचालन गरिने छ।

**नीति ६.२०: सरकारी तथा निजी क्षेत्रबाट सञ्चलित स्वास्थ्य सेवामा गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ।**

६.२०.१ गाउँपालिकाभित्र सबै प्रणालीका उपचार सेवा (एलोपेथिक, आर्युवेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) सेवा प्रदायक गैहसरकारी, निजी संस्थाहरुको लागि ऐन तथा नियमावली,मापदण्ड वा निर्देशिका बनाइ नियमन गर्ने व्यवस्था मिलाइने छ।

६.२०.२ स्वास्थ्य सेवा प्रवाहमा निजी तथा गैहसरकारी क्षेत्रसँग समन्वय गर्दै सार्वजनिक  निजी  साझेदारीको अवधारणालाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ।

६.२०.३ निजी क्षेत्रको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता, प्राविधिक दक्षता एवम वित्तीय स्रोतलाई स्वास्थ्य सेवाको विकास तथा विस्तारमा उपयोग गदै, सामाजिक उत्तरदायित्व अभिवृद्धि गरिने छ।

६.२०.४  गैहसरकारी तथा निजी क्षेत्रले आफ्नो  प्रतिवेदन नियमित रुपमा गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइने छ।

**८.संस्थागत संरचना**

८.१. नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहने छन भने स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न स्वास्थ्य संस्थाहरु हुने छन् । त्यसैगरी आधारभूत लगायत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा आधारभूत अस्पताल स्थापना गरिने छ ।

८.२ मानव संशाधन उत्पादन, विकास तथा व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला स्थित स्वास्थ्य कार्यालय, प्रदेश लोक सेवा आयोग, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने तथा क्षमता अभिवृद्धि गराउने निकायहरुसँग समन्वय गरिने छ । स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा, आँखा उपचार तथा मुख स्वास्थ्य सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकताअनुसार स्वास्थ्यका अन्य इकाईहरु स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवम सहजीकरण गरिने छ ।

**९.आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः गाउँपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अघि ल्याइनेछ । संघीय सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

**१०.अनुगमन र मूल्याङ्कन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङकन गर्ने दायित्व सामाजिक विकास समितिको हुने छ । यसको लागि उक्त समितिको क्षमता विकास गरिने छ । वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिने छ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ ।

**११. नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक ऐन,नियमावली, निर्देशिका, कार्यविधी आदि तर्जुमा गर्ने छ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानुन, नियमावली, निर्देशिका, मापदण्ड तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताहरुलाई मनन गरी

गाउँपालिकाले यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्यायोजनाअनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिने छ। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटको आधारमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिने छ।

**१२.जोखिम**

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, गाउँपालिका संस्थागत विकासको चरणमा रहेको, सीमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन् । यद्यपि उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्दै माण्डवी गाउँपालिकाको स्वास्थ्य नीति २०८० को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्यूनीकरण गरिने छ।

**१३. बचाउ र खारेजीः**

हाल सम्म माण्डवी गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरु यसै नीति अनुरुप भएको मानिने छ।